आज मिति २०८१ पुष २७ गते दिउँसो १:०० बजे थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको समुपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क्र.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | |
| ८ | अनिल कुमार बिष्ट | कार्यपालिका सदस्य | |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | |
| ११ | लोकेन्द्र बहादुर बिष्ट | कार्यपालिका सदस्य | |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | |
| १६ | विर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | |
| १८ | प्रयाग राज पाध्या | कार्यपालिका सचिव | |

थलारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाप्ती, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

## मिति २०८१ पुस २७ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरू

### निर्णय नं. १

शुसासन तथा संस्थागत विकास समितिबाट मस्यौदा तयार भई पेश भएको थलारा गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०८१ स्थानीय तहको कानून निर्माण प्रकिया ऐन, २०७५ को दफा ८ बमोजिम गाउँ सभामा पेश गर्न स्वीकृति दिने।

### निर्णय नं. २

शुसासन तथा संस्थागत विकास समितिबाट मस्यौदा तयार भई पेश भएको थलारा गाउँपालिकाको संस्था दर्ता तथा नियमन गर्न बनेको विधेयक २०८१ स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन, २०७५ को दफा ८ बमोजिम गाउँ सभामा पेश गर्न स्वीकृति दिने।

### निर्णय नं. ३

थलारा गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रममा केही कार्यक्रम कार्यान्वयन हुन नसक्ने, केही अतिआवश्यक कार्यक्रमको लागि बजेट अपुग हुने र केही बजेटको ब्रेकडाउन गरी क्रियाकलाप स्पष्ट हुने गरी बजेट संशोधन र रकमान्तर गर्न आवश्यक भएकोले बजेट संशोधन तथा रकमान्तरको प्रस्ताव गाउँ सभामा पेश गर्ने।

### निर्णय नं. ४

यस गाउँपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरू सबैको मिति २०८१ माघ १ देखि २०८२ असार मसान्त सम्मका लागि करार सम्झौता प्रमुख प्रशासकीय अधिकृतले नवीकरण गर्ने।

### निर्णय नं. ५

थलारा गाउँ कार्यपालिकाको कार्यालयमा २ जना हलुका सवारी चालक, श्रेणीविहीन पदको लागि करार दरबन्दी स्वीकृत गरियो। साथै उक्त पदमा करार सम्झौताका लागि आवेदन पेश गरेका थलारा ६ निवासी पारस ओझा र थलारा ३ निवासी लाल बहादुर सिंहलाई प्रमुख प्रशासकीय अधिकृतले करार सम्झौता गरी कामकाजमा लगाउन स्वीकृति दिने।

### निर्णय नं ६

थलारा गाउँपालिकाको खरिद नियमावली, २०७६ लाई सङ्घीय र प्रदेश कानुनसँग तादम्यता कायम गर्नका लागि समयानुकुल संशोधन गर्न सुशासन तथा संस्थागत विकास समितिबाट तयार भई पेश भएको थलारा गाउँपालिकाको खरिद नियमावली पहिलो संशोधन, २०८१ पारित गरियो।

८१।१।२६

निर्णय नं७

प्रदेश सरकार बिशेष अनुदान तर्फको फलफुल तथा तरकारी पकेट क्षेत्र विस्तार कार्यक्रम देहाय बमोजिम संचालन गर्ने।

हिउँदे फलफुल बिरुवा खरिद तथा रोपण कार्यक्रमः

- हिउँदे फलफुल बिरुवा रोपण वडा नं २, ३ र ४ को माथिल्लो भेगमा कार्यान्वयन गर्ने
- हिउँदे फलफुल बिरुवा रोपणमा बिरुवा कार्यालयले खरिद गरी किसानलाई निशुल्क उपलब्ध गराउने,
- बिरुवा रोप्नका लागि खाल्डा खन्ने, मल राख्ने, पुनः खाल्डा पुर्ने र बिरुवा रोप्ने कार्य किसान आफैले गर्नुपर्ने सो वापत कार्यालयले किसानलाई प्रति खाल्डा रु. १५० का दरले अनुदान स्वरुप उपलब्ध गराउने बाँकी लागत किसानले बेहोर्नुपर्ने
- बिरुवाको हेरचाह, संरक्षण, गोडमेल गर्ने जिम्मेवारी सम्वन्धित किसानको हुने
- बिरुवा रोप्नु पूर्व कार्यालयले कृषि प्राविधिकले फिल्डमा गइ तालिम सञ्चालन गर्ने र रोप्ने क्रममा आवश्यक प्राविधिक सल्लाह दिने

तरकारी खेती विस्तार कार्यक्रमः

- तरकारी खेती विस्तारका लागि फलामे टनेल निर्माण गर्न इच्छुक सबै वडाका कृषकहरुबाट निवेदन माग गर्न सूचना जारी गर्ने
- तरकारी खेती विस्तारका लागि फलामे टनेल निर्माणका लागि आवश्यक पर्ने फलामे पाइपहरु कार्यालयले खरिद गरी ७५% कार्यालयको अनुदान र २५% किसानको नगद लगानी हुने गरी वितरण गर्ने
- टनेल हाउस निर्माणमा चाहिने अन्य सामग्री कृषकले आफै व्यवस्था गरी निर्माणको काम किसान आफैले सम्पन्न गर्नुपर्ने, आवश्यक प्राविधिक सहयोग कार्यालयले उपलब्ध गराउने
- तरकारी खेतीको लागि बिउ बिजन कार्यालयले खरिद गरी ७५% कार्यालयको अनुदान र २५% किसानको नगद लगानी हुने गरी वितरण गर्ने
- कृषि शाखाले कृषकका लागि आवश्यक तालिमको व्यवस्था गर्नुपर्ने

निर्णय नं८

२०८० असारमा निर्माण भएको थलारा गाउँपालिकाको पञ्चबर्षिय शिक्षा योजना (२०८०-२०८५) समयानुकुल संशोधन गर्न आवश्यक भएकोले उक्त पञ्चवर्षिय योजना अद्यावधिक गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ९

प्रधानमन्त्री रोजगार कार्यक्रमको चालु आर्थिक बर्ष २०८१।८२ को बार्षिक कार्यक्रम स्वीकृत गरियो ।



०८१।०३।२०